**नेपाल चिकित्सक संघ**

**परिषद् सदस्यको निर्वाचनका लागि तयार गरिएको**

**आचार संहिता**

## निर्वाचन तालिका

मिति २०८३ श्रावण २३ गते शनिबार ।

समयः विहान ९:०० बजे देखि साँझ ५:०० बजे सम्म ।

मतदान केन्द्रः नेपाल चिकित्सक संघ केन्द्रीय कार्यालय, प्रदर्शनीमार्ग, काठमाडौँ ।

## मतदान केन्द्रमा अपनाउने प्रक्रिया

१। मतदान केन्द्रमा शान्तिपूर्ण तवरबाट निर्वाचन कार्यक्रम सम्पन्न गर्नका लागि मतदान केन्द्र वरिपरीको वातावरण सहमतिको आधारमा सुरक्षित बनाउने ।

२। मुचुल्का खडा गरी मतदान सुरु गराउने ।

३। मतदान केन्द्रमा आवश्यकता अनुसार लाइनको उचित व्यवस्थापन गर्ने ।

४। निर्वाचन कार्यक्रमलाई व्यवस्थित र मर्यादित बनाउनका लागि सुरक्षा व्यवस्था कायम गर्ने ।

५। मतदाताहरुको निर्वाचन समितिले परिचय पत्र र NMA and NMC नम्बर रुजु गरी मूल मतदाता नामावलीमा हस्ताक्षर गराई नीज मतदाताको नाममा हाइलाईटरले रंगाउने,रुजु गरी मतदातालाइ टोकन नम्बर दिने ।

## मतदान गर्ने तरिकाः

६। मतदातालाई दिईएको टोकन नम्बर मतदान कक्षमा रहेको कम्प्युटरमा इन्ट्री गरी ६० जना सम्म उम्मेदवारलाई मत दिइ Submit गर्ने ।

७। मतदान केन्द्रमा निर्वाचन समितिले तोकेको अवधिभित्र मतदान केन्द्रभित्र प्रवेश गरेका मतदाताहरुलाई मतदान गर्नबाट बञ्चित गरिने छैन ।

## मतदान समापन भए पश्चात निर्वाचन समितिले गर्नु पर्ने कामहरु

८। मतदान सकेपछि मुचुल्का खडा गरी डिजिटल मतदान पश्चात प्राप्त मतपरिणाम सार्वजनिक गर्ने ।

## स्वच्छ, निष्पक्ष र सुरक्षित निर्वाचन सम्पन्न गर्नका लागि अपनाउनु पर्ने प्रक्रियाहरु

९। निर्वाचन प्रयोजनका लागि तयार गरिएका सामाग्रीहरू निर्वाचन समितिले अख्तियारी प्रदान गरेको आधिकारिक व्यक्ति बाहेक अन्य व्यक्तिहरुले छुन नपाउने ।

१०। चुनावी कार्यक्रम सार्वजनिक भए पश्चात निर्वाचन कार्यक्रम पूर्ण रुपमा सम्पन्न नहुँदा सम्म निर्वाचन समितिका सदस्यहरु र निर्वाचन समितिले अक्तियारी प्रदान गरेका कुनै पनि कर्मचारीहरुलाई मानसिक, शारीरिक, भौतिक तथा अन्य अस्वाभाविक गतिविधिहरु गरी प्रभावित पार्न नहुने र यदि त्यस्तो अस्वाभाविक गतिविधि कोही कसैबाट गरिएको खण्डमा निर्वाचन समितिले आफ्नो सर्वाधिकार सम्पन्न अधिकार प्रयोग गरी निर्वाचन खारेज गर्न सम्म सक्ने भएको हुँदा सोही बमोजिम सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउनु पर्ने ।

११। मतदान संचालन भई रहेको स्थानमा तोकिएको दुरी १०० मिटर भन्दा अगाडी निर्वाचन समितिको अनुमति बिना कुनै पनि व्यक्ति प्रवेश गर्न नपाईने (मतदान केन्द्र रहेको संघको केन्द्रीय कार्यालयको भुइँ तल्ला सम्म लाई १०० मिटर मानी भुइँ तल्ला भन्दा माथि प्रवेश निषेध गरिनेछ) । निर्वाचन समितिसँग कुनै सर सल्लाह गर्नु परेको अवस्थामा बिनम्रता पूर्वक अनुरोध गरी निर्वाचन समितिले दिएको समयावधि र आधिकारिक व्यक्तिसँग मात्र आफ्नो जिज्ञासा राख्न पाइने र तोकिएको जिम्मेवार अधिकारी वा निर्वाचन कार्यक्रममा संलग्न कर्मचारीले दिएको जवाफ निर्वाचन समितिको निर्णय बमोजिम हुने भएको हुँदा उक्त निर्णय सबैका लागि लागू हुने भएको हुनाले सोही बमोजिम सम्पूर्ण मतदाता तथा उम्मेदवारहरुले पूर्ण रुपमा पालना गर्नु गराउनु पर्ने ।

१२। चिकित्सकहरुको मान, मर्यादा र सामाजिक प्रतिष्ठालाई गम्भिर रुपमा मनन गरी निर्वाचन स्वच्छ, निष्पक्ष, भयरहित र पारदर्शि तवरबाट संचालन गर्नु पर्ने भएको हुनाले सम्पूर्ण उम्मेदवार तथा मतदाताहरुले निर्वाचन कार्यक्रमलाई सभ्य र भव्य तरिकाले सम्पन्न गराउन यथेष्ट सहयोग गर्नु पर्ने ।

१३। निर्वाचन कार्यक्रम सम्पन्न गर्नका लागि निर्वाचन समितिलाई सर्वाधिकार सम्पन्न बनाइएको हुनाले निर्वाचन समितिले स्वच्छ, निष्पक्ष, भयरहित र पारदर्शि तवरबाट निर्वाचन कार्यक्रम संचालन गर्नका लागि आवश्यक पर्ने सम्पूर्ण काम, काजहरु स्वच्छ, निष्पक्ष र पारदर्शि तवरबाट गर्न पाउने र निर्वाचन समितिले गरेका निर्णयहरुलाई सम्पूर्ण उम्मेदवार तथा मतदाताहरुले अनिवार्य रुपमा स्वीकार गरी पालना गर्नु पर्ने ।

१४। मतदाता, उम्मेदवार तथा निर्वाचन कार्यक्रमको सुरक्षाका निम्ती प्रशासन एवं स्थानीय सुरक्षा संयन्त्रहरुसँग समन्वय गरी आवश्यकता अनुसार सुरक्षाकर्मीहरुको परिचालन गर्न सकिनेछ ।

१५। मतदान गर्ने समयमा संघको आजीवन सदस्यताको परिचय पत्र वा नेपाल मेडिकल काउन्सिलको परिचय पत्र ल्याउनु पर्नेछ। यदि माथी उल्लेखित परिचय पत्र नभएको अवस्थामा नीज मतदाताको नागरिकता, राष्ट्रीय परिचयपत्र, पासपोर्ट मध्ये कुनै एक अनिवार्य रुपमा ल्याउनु पर्नेछ । नागरिक एपमा माथि उल्पलेखित परिचय पत्रहरु देखाई पनि मतदानमा सहभागी हुन पाइनेछ । संघको सदस्यता लिएका दन्त चिकित्सकहरुको हकमा NDA कार्ड देखाउन सकिनेछ । अन्यथा, मतदान गर्न पाइने छैन । साथै सो सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार निर्वाचन अधिकृतसँग सुरक्षित रहने छ ।

१६। कथमकदाचित निर्वाचन समितिले तोकेको समयावधिभित्र संघको आजीवन सदस्यता भई सकेका सदस्यहरुको मतदाता नामावलीमा नाम छुट हुन गएको खण्डमा अथवा संघको पूर्व निर्वाचन कार्यक्रममा सहभागी भई सकेको तर प्राविधिक कारणवस हाल सार्वजनिक गरिएको मतदाता नामावलीमा नाम छुट हुन गएको अवस्थामा उक्त सदस्यले नेपाल चिकित्सक संघको परिचय पत्र वा प्रमाण पत्र वा नेपाल मेडिकल काउन्सिलको परिचय पत्र वा प्रमाण पत्र लिई आएको अवस्थामा निर्वाचन समितिले सो उपर रुजु गरि प्रमाणित भएको खण्डमा मात्र नीज सदस्यलाई मतदान दिनबाट बञ्चित गरिने छैन ।

१७। निर्वाचन कार्यक्रमलाई सहजतापूर्वक सम्पन्न गर्नका लागि निर्वाचन समितिले नेपाल मेडिकल काउन्सिलको नम्बर सहितको भोटरलिष्ट संघको वेवसाइटमा सबैको जानकारीका लागि राखिएको छ ।

## उम्मेदवारहरुले पालना गर्नु पर्ने आचरणहरु

उम्मेदवार तथा निजहरूसँग सम्बन्धित व्यक्तिहरूले निर्वाचन अभियान सञ्चालन गर्दा निम्नलिखित आचरणहरू पालना गर्नु गराउनुपर्दछः–

१८। मतदान हुनुभन्दा २४ घण्टा अगाडी देखि मौन अवधि लागु हुनेछ । मौन अवधि लागु भए पश्चात चुनाव प्रचार प्रसार गर्न पाइने छैन ।

१९। कुनै धर्म, लिङ्ग, सम्प्रदाय, जात, जाति, भाषा वा प्रादेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने गरी प्रचार प्रसार गर्नु तथा सोही आधारमा मतदान गर्न मतदाताहरूलाई प्रेरित गर्नु गराउनु हुँदैन ।

२०। कुनै उम्मेदवारले अन्य उम्मेदवारको आलोचना गर्दा त्यस्ता उम्मेदवारको नीति, कार्यक्रम तथा सार्वजनिक क्रियाकलापमा मात्र सीमित रही त्यस्तो उम्मेदवार वा निजहरूको परिवारका सदस्यहरूको निजी जीवनसँग सम्बन्धित कुराको आलोचना हुने वा चरित्र हत्या हुने गरी प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

२१। कुनै पनि उम्मेदवारले एक अर्काको प्रजातान्त्रिक अधिकार हनन गर्नु हुँदैन र प्रचार प्रसारको सन्दर्भमा प्रयोग गरिने भाषा अशिष्ट एवं असंयमित हुनु हुँदैन ।

२२। कुनै उम्मेदवारले मतदातालाई प्रभाव पार्ने उद्देश्यले कुनै प्रकारले नगद वा जिन्सी उपहार लिनु दिनु हुँदैन ।

२३। नेपालको संविधान तथा नेपाल सरकारले गरेको काम कारवाहीहरुका सम्बन्धमा विवाद उत्पन्न हुने खालका अभिव्यक्तिहरु गर्नु हुँदैन ।

२४। नेपाल चिकित्सक संघको विधान विपरित कुनै पनि कार्यहरु गर्नु गराउनु हुँदैन ।

२५। निर्वाचन अधिकृतद्वारा वितरित निर्वाचनसम्बन्धी प्रचार सामग्री वा सूचनालाई कसैले पनि बिगार्न, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन हुँदैन ।

२६। कसैले पनि कुनै किसिमको डर, त्रास, धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई निर्वाचनसँग सम्बद्ध कर्मचारी तथा शान्ति सुरक्षासम्बन्धी अधिकारीहरूलाई आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गराउनु हुँदैन ।

२७। कसैले पनि मतदातालाई डर, धाक, धम्की, त्रास, प्रलोभन वा धर्म, लिङ्ग झल्काउने जस्तो काम गरी निजको इच्छा विपरीत मतदान गर्न बाध्य गर्नु गराउनु हुदैन ।

२८। निर्वाचन विथोल्ने वा निर्वाचनप्रति वितृष्णा पैदा हुने वा निर्वाचनमा भ्रम सिर्जना हुने वा निर्वाचनमा अवरोध हुने गरी कुनै कार्य गर्नु गराउनु हुदैन ।

२९। मतदाताहरूलाई मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले कुनै पनि किसिमको अवरोध वा थुनछेक गर्नु गराउनु हुँदैन ।

३०। कुनै पनि उम्मेदवारले वा निजका प्रतिनिधि वा कुनै व्यक्तिले बल प्रयोग गरी वा डर, त्रास देखाई वा धम्की दिई वा प्रलोभन दिई मतदान केन्द्र आफ्नो कब्जामा लिनु वा वा मतदान सामग्री जबर्जस्ती हत्याउनु वा खोस्नु, नास्नु वा बिगार्नु हुँदैन ।

३१। मतदान कार्य वा मतगणना समेत बिना अवरोध निर्वाधरूपमा सञ्चालन हुन दिनुपर्छ र त्यसको लागि जो चाहिने उपयुक्त वातावरणको सिर्जना गरिदिनु सबैको कर्तव्य हुनेछ ।

३२। कुनै पनि उम्मेदवारले आफ्नो समर्थकहरूलाई निर्वाचनसम्बन्धी आचार संहिताको पूर्णरूपमा जानकारी दिई सोको पालना गर्न गराउन लगाउनुपर्नेछ । यसको जिम्मेवारी सम्बन्धित उम्मेदवारले लिनुपर्नेछ ।

३३। कुनै पनि उम्मेदवारले निर्वाचनको क्रममा नेपाल चिकित्सक संघको विधान, नियम, आदेश तथा निर्देशिकाहरूमा भएका व्यवस्थालाई पूर्णरूपमा पालना गर्नु गराउनु पर्दछ ।

३४। उम्मेदवारले आफ्ना समर्थकहरूलाई अरु उम्मेदवारहरूको प्रचार प्रसार विथोल्न वा बाधा पुऱ्याउनबाट रोक लगाउनुपर्दछ ।